# शिवपुरी गाउँपालिका

## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र

| खण्डः ६ | संख्याः ३ | मितिः२०७९/१२/२४ |
| --- | --- | --- |

## भाग – १

शिवपुरी गाउँपालिकाको सामुदायिक विद्यालयको व्यवस्थापन समिति गठनलाई बैधानिक र प्रभावकारी बनाउन शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको ऐन बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# गाउँ शिक्षा (पहिलो संशोधन) ऐन, २०७९

**गाउँ सभाबाट स्वीकृत मितिः २०७९/१२/२४**

**प्रस्तावना :**
गाउँ शिक्षा ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गाउँ शिक्षा (पहिलो संशोधन) ऐन, २०७९" रहेकोव छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. गाउँ शिक्षा ऐन, २०७६ को दफा २६(१)(अ) मा संसोधन** : गाउँ शिक्षा ऐन, २०७६ को दफा २६(१)(अ) को
१) (क) देखि (झ) सम्मको बाक्यांसहरुको सट्टामा देहाय बमोजिमको बाक्यांस राख्रे ।
क) अभिभावकले आफूमध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना — सदस्य

(क१) एक महिनाभित्र लगातार दुई पटकसम्म अभिभावक भेला गरी नियमानुसार प्रक्रिया गर्दा समेत (क) बमोजिमका सदस्यहरु छनौट हुन नसकेमा अभिभावक भेलामा प्रस्तावित नामावलीहरुमध्ये विद्यालयले गाउँपालिकामा पेस गरेको नामावलीहरुमध्ये गाउँ शिक्षा समितिको निर्णय अनुसार चार जना सदस्यहरु तोकिनेछ ।

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य — सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश बर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनयन गरेको एकजना महिला सहित दुईजना — सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना — सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक सदस्य सचिव -

(१.१) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग तथा बाणिज्य महासंघका दुई जना प्रतिनिधि सदस्य रहनेछन्।

(क) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (1) को खण्ड (क), (ख) वा (ग) वमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(ख) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(ग) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिसत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समाबेसी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

(१.२) सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यबेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

२) उपदफा (२) मा रहेको "४ बर्षको" सट्टा "तिन बर्षको" भन्ने राखिएको छ ।

**आज्ञाले**
**वसन्त कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**